२. स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास गर्ने ।
३. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने,
४. गुम्वा तथा विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने ।
५. सुशासन र संस्थागत विकास गर्ने ।

सम्मान्नीय सभाध्यक्ष महोदय

अव म क्षेत्रगत वजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छु ।

# सामाजिक विकास

सामाजिक विकास तर्फ चालुमा रु. १३ करोड ७३ लाख ६२ हजार विनियोजन गरिएकोमा पूँजीगत तर्फ रु. ४ करोड २३ लाख ३० हजार गरी चालु तर्फ कुल रकम अक्षेरुपी रु. १७ करोड ९६ लाख ९२ हजार रकम विनियोजन गरिएको छ ।

# आर्थिक विकास

आर्थिक विकास तर्फ कुल रकम रु. १ करोड ८२ लाख ९३ हजार मध्ये चालुमा रकम रु. १ करोड ८२ लाख ९३ हजार रकम विनियोजन गरिएको छ ।

# पूर्वाधार विकास

पूर्वाधार विकास तर्फ चालुमा रकम रु. १५ लाख १७ हजार रकम विनियोजन र पूँजीगतमा अक्षेरुपी रु. १३ करोड २१ लाख २० हजार गरी पूर्वाधार विकासमा जम्मा रु. १३ करोड ३६ लाख ३७ हजार रकम विनियोजन गरिएको छ ।

# सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

# अनुसूची १

| आगामी आ.व. २०८०/०८१ को अनुमानित आय (हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्वको आधार, शीर्षक, मूल शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व. को संशोधित अनुमानित आय | आगामी आ.व. को अनुमानित आय |
| ११३१३ | सम्पत्ती कर | ० | १२ | २५ |
| ११३१४ | भुमिकर/मालपोत | १३२८ | १२७१ | १००० |
| ११३१७ | वहाल कर | २२९६ | २८७३ | १५०० |
| ११६९१ | अन्य कर | ० | १० | ५ |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | १५०० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | २०५५ | ३७८ | ५०० |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | ७ | ० | ० |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ४४ | ६३ | ६५ |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ० | ५ |
| १४२२४ | परीक्षा शुल्क | ३४ | ४० | ४५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५९ | ३१७ | ४०० |
| १४२४१ | पार्किङ शुल्क | ० | ० | २०० |
| १४२४२ | नक्सा पास दस्तुर | १२९ | १४७ | १५० |
| १४२४३ | सिफारिस दस्तुर | ३९ | १५२ | १५० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १९४ | १८८ | १५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १७ | ३५ | ५० |
| १४२४९ | अन्य दस्तुर | ९५ | ७४ | ७५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ८५ | ८० |
| १४२६५ | अन्य क्षेत्रको आय | ० | १३ | १५ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | १०१८ | ५० |
| १४५२९ | अन्य राजश्व | ४२३० | ९९५४ | २५०० |
| १४६११ | व्यवसाय कर | ७७३ | ६६१ | ५०० |
| १५१११ | बेरुजु | ० | ० | १०० |
| | | १२९०० | १७२९१ | ७५६५ |

